**राक्सिराङ्ग गाउँ सभाको मिति २०७८/०३/१० गते विहान ११:०० बजे शुरु भएको दशौं अधिवेशनको पहिलो बैठकको निर्णयहरु :**

१. गाउँ सभाका अध्यक्ष श्री राजकुमार मल्लले उपलब्ध गराउनु भएको शुन्य समयमा गाउँ सभा सदस्यहरुले भाग नलिएपछि अध्यक्ष श्री राजकुमार मल्लले आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम सभा समक्ष पेश गर्नुभयो र सभाका सदस्यहरुलाई नीति तथा कार्यक्रममाथी छलफल गर्न समय निर्धारण गर्नुभयो तर, सभाका कुनैपनि सदस्यले छलफलमा भाग नलिएपछि अध्यक्ष श्री राजकुमार मल्लले "आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रलाई स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रलाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्‍यो ।

२. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले "न्यायिक समितिको वार्षिक प्रतिवेदनमाथी छलफल गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष पेश गर्नुभयो र सभाका सदस्यहरुलाई न्यायिक समितिको वार्षिक प्रतिवेदनमाथी छलफल गर्न समय निर्धारण गर्नुभयो । तर, सभाका कुनैपनि सदस्यले छलफलमा भाग नलिएपछि अध्यक्ष श्री राजकुमार मल्लले "न्यायिक समितिको वार्षिक प्रतिवेदनलाई स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सभा समक्ष निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "न्यायिक समितिको वार्षिक प्रतिवेदनलाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्‍यो ।

३. अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गलाई गाउँ कार्यपालिकाको विभिन्न मितिमा वसेको बैठकले गरेको बजेट संशोधन प्रस्ताव सभाको अनुमोदनको लागि पेश गर्न अनुमति दिनुभयो । उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गले आफ्ना कुरा राख्दै बजेट संशोधन प्रस्ताव वाचन गर्न गाउँ सभा सदस्य तथा वडा नं. ८ को वडाध्यक्ष श्री रामकृष्ण प्रजालाई संशोधन प्रस्ताव वाचन गर्ने जिम्मेवारी दिनुभयो । वडाध्यक्ष श्री रामकृष्ण प्रजाले बजेट संशोधन प्रस्ताव सभामा छलफलको लागि पेश गरे पश्चात अध्यक्ष श्री राजकुमार मल्लले उक्त प्रस्तावमाथी छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि अध्यक्ष श्री राजकुमार मल्लले "गाउँ कार्यपालिकाको विभिन्न मितिमा वसेको बैठकले गरेको बजेट संशोधन प्रस्तावलाई अनुमोदन गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "गाउँ कार्यपालिकाको विभिन्न मितिमा वसेको बैठकले गरेको बजेट संशोधन प्रस्तावलाई अनुमोदन गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत अनुमोदन गर्‍यो ।

४. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गलाई "आर्थिक विधेयक, २०७८" सभामा दफावार छलफलको लागि प्रस्तुत गर्न अनुमति दिनुभयो । उपाध्यक्षद्वारा प्रस्तुत प्रस्तावलाई गाउँ कार्यपालिका सदस्य तथा वडा नं. ४ को वडाध्यक्ष श्री संजय कोइरालाले समर्थन जनाउनु भयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले "आर्थिक विधेयक, २०७८" लाई सभामा छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि "आर्थिक विधेयक, २०७८ लाई स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "आर्थिक विधेयक, २०७८ लाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्‍यो ।

५. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गलाई "विनियोजन विधेयक, २०७८" सभामा दफावार छलफलको लागि प्रस्तुत गर्न अनुमति दिनुभयो । उपाध्यक्षद्वारा प्रस्तुत प्रस्तावलाई गाउँ कार्यपालिका सदस्य तथा वडा नं. ५ का वडाध्यक्ष श्री चन्द्र सिंह प्रजाले समर्थन जनाउनु भयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले "विनियोजन विधेयक, २०७८" लाई सभामा छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि "विनियोजन विधेयक, २०७८ लाई स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "विनियोजन विधेयक, २०७८ लाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गर्‍यो ।

६. अध्यक्ष श्री राजकुमार मल्लले गाउँ कार्यपालिका सदस्य तथा वडा नं. ९ को वडाध्यक्ष श्री रामकुमार वाल्पा थिङ्गलाई "गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकले गरेका निर्णय तथा खर्च अनुमोदन गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो । वडाध्यक्ष श्री रामकुमार वाल्पा थिङ्गद्वारा प्रस्तुत उक्त प्रस्तावलाई गाउँ सभा सदस्य तथा वडा नं. ६ का वडाध्यक्ष श्री सिंगलाल प्रजाले समर्थन जनाउनु भयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले "गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकले गरेका निर्णय तथा खर्च अनुमोदन गरियोस्" भन्ने प्रस्तावलाई सभामा छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि "गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकले गरेका निर्णय तथा खर्च अनुमोदन गरियोस्" भन्ने प्रस्ताव सभामा

निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठकले गरेका निर्णय तथा खर्च अनुमोदन गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गऱ्यो ।

७. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले गाउँ सभा सदस्य तथा वडा नं. १ को वडाध्यक्ष श्री कान्छाराम रुम्वालाई "गाउँपालिकाको खाद्य तथा पोषण रणनीतिक योजनामाथी छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो । वडाध्यक्ष श्री कान्छाराम रुम्वाद्वारा प्रस्तुत प्रस्तावलाई गाउँ कार्यपालिका सदस्य तथा वडा नं. ७ को वडाध्यक्ष श्री कुल बहादुर प्रजाले समर्थन जनाउनु भयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले "गाउँपालिकाको खाद्य तथा पोषण रणनीतिक योजनामाथी छलफल गरियोस्" भन्ने प्रस्तावलाई सभामा छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि "गाउँपालिकाको खाद्य तथा पोषण रणनीतिक योजना स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "गाउँपालिकाको खाद्य तथा पोषण रणनीतिक योजना स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गऱ्यो ।

८. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले गाउँ कार्यपालिका सदस्य तथा वडा नं. २ को वडाध्यक्ष श्री सूर्य वहादुर मुक्तानलाई स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रारम्भिक एकीकृत नतिजामाथी पुनरावलोकन गर्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो । वडाध्यक्ष श्री सूर्य बहादुर मुक्तानद्धारा प्रस्तुत प्रस्तावलाई गाउँ कार्यपालिका सदस्य श्री सिमोन वि.क.ले समर्थन जनाउनु भयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले "स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रारम्भिक एकीकृत नतिजामाथी पुनरावलोकन गरियोस्" भन्ने प्रस्तावलाई सभामा छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि "स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रारम्भिक एकीकृत नतिजामाथी पुनरावलोकन गरियोस्" भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन प्रारम्भिक एकीकृत नतिजामाथी पुनरावलोकन गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गऱ्यो ।

९. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले गाउँ कार्यपालिका सदस्य तथा वडा नं. ३ को वडाध्यक्ष श्री वावुलाल स्याङ्तानलाई "स्थानीय वन सम्वन्धी विधेयकमाथी छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुभयो । वडाध्यक्ष श्री वावुलाल स्याङ्तानद्वारा प्रस्तुत प्रस्तावलाई गाउँ कार्यपालिका सदस्य श्री सिमोन वि.क.ले समर्थन जनाउनु भयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले "स्थानीय वन सम्वन्धी विधेयकमाथी छलफल गरियोस्" भन्ने प्रस्तावलाई सभामा छलफलको लागि समय निर्धारण गर्दा कुनैपनि सदस्यले छलफलमा भाग लिन नचाहेपछि "स्थानीय वन सम्वन्धी विधेयक स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "स्थानीय वन सम्वन्धी विधेयक स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गऱ्यो ।

१०. तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले उपाध्यक्ष श्री निर्मला हिम्डुङ्गलाई आगामी आर्थिक वर्ष २०७८/०७९ को आय र व्ययको अनुमान (बजेट) सभामा छलफलको लागि प्रस्तुत गर्न अनुमति दिनुभयो । उपाध्यक्षद्वारा आफ्ना कुरा राख्दै आय र व्ययको अनुमान (बजेट) वाचन गर्ने जिम्मेवारी गाउँ कार्यपालिका सदस्य तथा वडा नं. ८ का वडाध्यक्ष श्री रामकृष्ण प्रजालाई सुम्पनु भयो । वडाध्यक्ष श्री रामकृष्ण प्रजाले आगामी आर्थिक वर्ष २०७८/०७९ को आय र व्ययको अनुमान (बजेट) प्रस्तुत गरे पश्चात उक्त प्रस्तावलाई कार्यपालिका सदस्य वडा नं. ६ को वडाध्यक्ष श्री सिमोन वि.क.ले समर्थन जनाउनुभयो । तदुपरान्त अध्यक्ष श्री राजकुमार मल्लले "आगामी आर्थिक वर्ष २०७८/०७९ को आय र व्ययको अनुमान (बजेट) स्वीकृत गरियोस्" भन्ने प्रस्ताव सभामा निर्णयार्थ प्रस्तुत गर्नुभयो र सभाले "आगामी आर्थिक वर्ष २०७८/०७९ को आय र व्ययको अनुमान (बजेट) स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई सर्वसम्मत स्वीकृत गऱ्यो ।

**तदुपरान्त अध्यक्ष राजकुमार मल्लले गाउँ सभाको दशौँ अधिवेशनको कारवाही अन्त्य भएको घोषणा गर्नुभयो ।**